# दुल्लू नगरपालिका
# स्थानीय राजपत्र


| खण्डः ८ | संख्याः ५ | २०८१ असार ७ गते |
|---|---|---|


## भाग : २

दुल्लू नगरपालिका, नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि (संशोधन) सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### घ वर्गको निर्माण ब्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन २०८१)

प्रस्तावनाः दुल्लू नगरपालिकाको **घ वर्गको निर्माण व्यावसायी ईजाजत सम्वन्धी कार्यविधि, २०७४** लाई संशोधन गर्न वान्छनीय भएकाले,

दुल्लू नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी दुल्लू नगर कार्यपालिको मिति २०८१।०३।०६ गते को वैठक वाट **"घ वर्गको निर्माण ब्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०७४ (पहिलो संशोधन २०८१)"** स्वीकृत गरि लागु गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"घ वर्गको निर्माण ब्यवसायी इजाजत सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१"** रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **घ वर्गको निर्माण ब्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०७४ मा दफा ५ मा संशोधन :** घ वर्गको निर्माण ब्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०७४ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ५ पछि देहाय अनुसार दफा ५(क) र ५(ख) थप गरिएकोछ :

**दफा ५(क). इजाजत पत्रको नामसारी सम्वन्धि ब्यवस्थाः** इजाजत प्राप्त गर्ने निर्माण ब्यवसायीको मृत्यू भएमा वा अन्य कारणले इजाजत पत्रको नामसारी गर्नु परेमा उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालयवाट नामसारी प्रमाणित भइ आएको पत्र तथा शेयरधनी

परिवर्तन गरिएको पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यालयवाट नामसारी भइ सम्वन्धित फर्मको नयाँ प्रोपराइटरको फोटो टाँस भइ आएको प्रमाण पत्र तथा कम्पनि रजिष्टार कार्यालयवाट शेयर लगत कट्टा संशोधन सहित शेयर धनिको दर्ता कितावको प्रतिलिपि समेत संलग्न राखि कार्यालय तथा शाखामा निवेदन दिनु पर्ने छ । यसरी निवेदन प्राप्त हुन आएमा तोकिए बमोजिम दस्तुर लिइ नामसारी सहितको इजाजत पत्र प्रदान गरिने छ ।

**दफा ५(ख). इजाजत पत्रको ठाँउ सारी सम्वन्धी ब्यवस्थाः** अनूसूची ५ बमोजिमको योग्यता पुरा भएका ब्यक्ति फर्म वा कम्पनिको ठेगाना परिवर्तन तथा इजाजत पत्रको ठाँम सारी गर्नु परेमा उधोग तथा उपभोक्ता हित संरक्षण कार्यालयवाट साविकको ठेगाना तथा हालको कायम हुने ठेगाना परिवर्तनको गरिएको पत्र आन्तरिक राजश्व कार्यालयवाट कम्पनि अध्यावधिक र ठेगाना परिवर्तन सहितको प्रवन्धपत्र तथा अन्य निणर्यहरु, नियमावली, आदिमा संशोधनको अभिलेख गरिएको पत्रको प्रतिलिपि संलग्न राखि निवेदन दिइएमा सोही अनुसार नियमानुसार दस्तुर लिइ ठाँउसारी सहितको इजाजत प्रदान गरिने छ ।

...............
आज्ञाले
तिलक वि.क
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति - २०८१/०३/०७